पाँचौ नगरसभाको बैठकमा २०७६ साल आषाढ १० गते मंगलबार
नगर उपप्रमुख श्री मिनाकुमारी लामाले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/७७ को
# नीति तथा कार्यक्रम र बजेट वक्तव्य

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७६
**http://www.hetaudamun.gov.np**

**नगरप्रमुख एवम् नगरसभाका अध्यक्ष महोदय,**
**प्रमुख अतिथि माननीय मुख्यमन्त्रीज्यू,**
**संङ्घीय संसदका माननीय सदस्यज्यूहरु,**
**नगरसभा सदस्यज्यूहरू,**
**सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।**

१. नेपालको संविधानको कार्यान्वयनपश्चात् स्थानीय सरकारको रुपमा गठन भई नगरवासीको सुख , शान्ति र समृद्धितर्फ अगाडि बढिरहेको सुखद सन्दर्भमा यस उपमहानगरपालिकाको तेस्रो वर्षको नीति तथा कार्यक्रम र बजेट सम्मानित नगरसभामा उपस्थित भई प्रस्तुत गर्न पाउँदा हर्षविभोर तथा गौरवान्वित महसुस गरेको छु ।

२. आजको यस परम घडीमा सार्वभौम जनताको वास्तविक तथा अर्थपूर्ण सहभागितामा शासन व्यवस्थाको सञ्चालन हुने राजनीतिक प्रणालीको प्राप्तिको निम्ति आफ्नो अमूल्य र अतुल्य जीवन आहूति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

३. सचेत, सुसूचित र सँस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधानबमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको उपमहानगरपालिका नगरवासीको आधारभूत हक तथा अधिकारप्रति सचेत र सदृश्य रहँदै **"सफा हरियाली, फूलैफूलको सहर हेटौंडा"** भन्ने सोचका साथ नेपाल सरकारको **"समृद्ध नेपाल, सुखी नेपाली"** तथा प्रदेश सरकारको **"स्वस्थ, सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** को राष्ट्रिय तथा प्रादेशिक आकाँक्षा पूरा गर्ने अभियानप्रति पूर्ण प्रतिबद्ध छ।

४. यसै सभामा मैले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रस्तुत गर्दा **"समृद्ध हेटौंडा, सुखी नगरवासी"** बनाउने दीर्घकालीन उद्देश्यसहित विकासलाई हेटौंडा नगरको मौलिक ढाँचामा अगाडि बढाउने सन्दर्भमा सीमित स्रोत साधनलाई अधिकतम परिचालन र सदुपयोग गर्नका निम्ति आवधिक नगर विकास योजना र दीर्घकालीन नगर सडक गुरुयोजनाबाट मार्गनिर्देशित हुने कुरा सम्मानित सभामा व्यक्त गरेको थिएँ । यस दिशामा हेटौंडा उपमहानगरपालिकाले सङ्घीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी विकासको समग्र गतिलाई तीव्रता प्रदान गरेको छ।

५. हेटौंडा उपमहानगरपालिकाको सडक पूर्वाधारको निर्माण तथा नगरभित्र बृहत् आयोजना कार्यान्वयन गर्न सङ्घीय सरकारको स्वीकृति तथा समन्वयमा सहरी पूर्वाधार लगानी परियोजना **(UIIP)** मार्फत पूर्वाधार विकास कार्यक्रमको प्रारम्भ गरिएको छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

यस सम्मानित सभा समक्ष चालू आर्थिक वर्षमा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. चालू आर्थिक वर्षमा उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न सडक खण्डमा २.८ कि.मि. कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ । यस अवधिमा १८.७ कि.मि. सडक ढलान गर्ने कार्यलाई पुर्णता दिनुका साथै २४ कि.मि. सडकका लागि नयाँ ट्र्याक खोल्ने लक्ष्य रहेकोमा २३ कि.मि. सडकको नयाँ ट्र्याक खोलिएको छ । विभिन्न वडाको ४ वटा स्थानमा ४३ मि. कल्भर्ट निर्माण गरिएको छ । सडक स्तरीकरण गरी आवागमनमा सहज

तुल्याउन २४.४ कि.मि. कच्ची सडकमा ग्राभेल गर्ने काम सम्पन्न गरिएको छ ।

७. खेतियोग्य जमिनमा सिंचाई सुविधा पुर्याउन वडा नं. १२ मा ८१ मि. लामो कुलो निर्माण गरिएको छ । विभिन्न वडाका वासिन्दाको दैनिक जीवन सहज बनाउन उपमहानगरपालिकाको विभिन्न स्थानहरुमा १२ वटा खानेपानी योजना सम्पन्न गरी थप १००० घरधुरीमा खानेपानीको सुविधा पुर्याइएको छ । उपमहानगरपालिकाको ८ वटा वडाहरुमा ११ वटा सामुदायिक भवनको निर्माण कार्य सम्पन्न भएको छ । सवारी आवागमनलाई सुरक्षित र व्यवस्थित बनाउन कान्तिलोकपथको मध्य भागमा ४०० मि. लामो डिभाइडरको निर्माण कार्य सम्पन्न गरिएको छ ।

८. चालू आर्थिक वर्षमा भवन इजाजत शाखामा घरनक्सा पासको निमित्त नक्सा दर्ता १ हजार २ सय ७६, नक्सा पास १ हजार ३ सय ७८, नक्सा नामसारी १ सय १६, नक्साको म्याद थप ४१ वटा भएको छ ।

९. नगर क्षेत्रभित्रमा कार्यक्रम सञ्चालन गरिरहेका सहकारी संस्थाहरुको तथ्याङ्क , आँकडा तथा सूचनाहरुको विद्युतीय माध्यमबाट प्रशोधन तथा अभिलेखीकरण गरी जोखिमका आधारमा समस्याग्रस्त सहकारी संस्थाहरु पहिचान गर्न प्रयोगमा ल्याईएको COPOMIS (Cooperative and Poverty Alleviation Management Information System) तालीम यसै आर्थिक वर्षमा ३० वटा सहकारी संस्थाहरुलाई प्रदान गरिएको छ ।

१०. गोठ सुधार कार्यक्रम सञ्चालन गरी नगरका ६२ जना कृषकहरु लाभान्वित भएका छन् । मिल्किङ मेशिन र मिल्क एनालाईजर जस्ता कृषकलाई प्रत्यक्ष रुपमा लाभ पुर्याउने कृषि औजार

उपकरणमा अनुदान  दिई अर्गानिक खेती प्रवर्द्धन  , साना सिँचाई निर्माण तथा पोलिहाउसको निर्माण सम्पन्न गरिएकोछ ।

११. युवाबाट सञ्चालित पशुपालन फर्महरुलाई अनुदान वितरण गरी हिउँदे घाँसको बीउ वितरण, नगरको चार वटा क्षेत्रमा बाख्रा पकेट क्षेत्र सञ्चालन र गुरौविर्ता, चुरियामाई क्षेत्र र हर्नामाडीमा टनेल निर्माण र कृषक पाठशाला सञ्चालन गरिएको छ। विभिन्न कृषि स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१२. बालबिबाह अन्त्य र लैंगिक हिंसा न्यूनीकरणका लागि रणनैतिक योजना र कार्ययोजना निर्माण गरिएको छ । निकृष्ट बालश्रम उन्मूलन वडा घोषणा कार्यक्रम भईसकेकोमा सरोकारवानाहरुकोसमेत सहभागितमा सोको निरन्तर अनुगमन गरिएको छ ।

१३. आयआर्जन, क्षमता विकास, सांस्कृतिक सम्पदाको संरक्षण, खेलकुद प्रतियोगिता आयोजना, खेल तथा शैक्षिक सामाग्री सहयोग, छात्रवृत्ति तथा स्वास्थ्य शिविर जस्ता सामाजिक क्रियाकलापमा यस उपमहानगरपालिकाले चालू आर्थिक वर्षमा १७९ वटा कार्यक्रमहरु सम्पन्न गरेको छ ।

१४. हेटौंडा-४ मा खेलकुद कभर्ड हलको निर्माण कार्य सम्पन्न भएको छ भने हेटौंडा वडा नं १७ को स्वास्थ्य चौकी तथा सहरी स्वास्थ्य केन्द्रलाई स्तरवृद्धि गरी चिकित्सकको सुविधासहित सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालनमा ल्याइएको छ । साथै वडा नं. १, ७, १२ र १९ मा स्वास्थ्य प्रवर्द्धन केन्द्रको निर्माण कार्य यसै वर्ष सम्पन्न गरिएको छ ।

१५. यस उपमहानगरपालिकाको समन्वय र सहयोगबाट हेटौंडा अस्पतालमा किड्नी डायलासीस सेवा सञ्चालनको तयारीको कार्य तीव्रताकासाथ अगाडि बढाइएको छ । उपमहानगरपालिकाको विशेष पहलमा उक्त डायलसिस सेवा तत्काल सुरु गर्न प्रयत्न गरिने छ ।

१६. जिल्ला समन्वय समिति, मकवानपुरको संयोजनमा मकवानपुर जिल्लालाई सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला घोषणा गरिएको छ ।

१७. सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा नगरका सबै सामुदायिक विद्यालयहरुमा विद्यार्थी आँखा जाँच कार्यक्रम र आँखाको नानी संकलन कार्य सञ्चालन गरिएको छ ।

१८. नगरभरिका सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनेटरी प्याड वितरण कार्य सम्पन्न गरिएको छ ।

१९. नगरभित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार्न बुलेटिन तथा शैक्षिक क्यालेण्डर निर्माण, दिवा खाजा कार्यक्रम, आवासीय छात्रावास, विशेष शिक्षा सञ्चालन चालू आर्थिक वर्षमा सम्पन्न गरिएको छ । यसैगरि २ वट नमूना विद्यालय, ७ वट ४ कोठे भवन, २ वटा २ कोठे भवन थप निर्माण गरिएको छ ।

२०. **"सफा हरियाली, फूलैफूलको सहर हेटौंडा"** भन्ने सोचलाई कार्यान्वयन गर्न सडक किनारामा क्यारी निर्माण गरी करिव ३५ हजार विभिन्न जातका विरुवा तथा फूलहरु रोपिएको छ ।

२१. समुदायमा आधारित पूर्ण सरसफाई कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षमा ६० वटा शौचालय निर्माण गरिएको छ।

२२. यस उपमहानगरपालिकाको १७ वटा वडाहरुका वजारउन्मुख क्षेत्रमा निजी सेवाप्रदायक संस्थामार्फत घरदैलो फोहोर संकलन कार्य सञ्चालनमा ल्याइएको छ । नगरलाई सफा र सुन्दर राख्न नाला लगायत सडक छेउमा आवश्यक सरसफाईको कार्य सञ्चालन गरिएको छ ।

२३. नगरवासी महिलाहरुको उद्यमशिलता अभिवृद्धि गर्न महिलामात्र सञ्चालकको रुपमा रहेका उद्योग दर्तामा ५० प्रतिशत छुट दिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

२४. उपमहानगरपालिकाको कर तथा राजस्व प्रशासनलाई सरल, सहज र प्रविधिमैत्री बनाउन यसै आर्थिक वर्षमा ९ वटा वडाहरुमा विद्युतीय प्रणाली बिलिङ सिस्टम सञ्चालनमा ल्याइएको छ । विगत १० वर्षदेखि उपमहानगरपालिकाको स्वामित्वमा रहेको जग्गामा व्यवसाय सञ्चालन गरिरहेका थोक फलफूल तथा तरकारी व्यवसायीहरुलाई निजहरुबाट उपभोग भएको जग्गाको सम्झौता गरी जग्गा बहाल असुलीको कार्य गरिएको छ ।

२५. नगर क्षेत्रभित्रका सबै व्यवसायीहरुलाई करको दायरामा समेट्ने प्रयोजनको लागि व्यवसायीहरुको तथ्याङ्क अद्यावधिक गर्न व्यवसाय कर संकलन टोली परिचालन भईरहेको छ।

२६. चालू आर्थिक वर्षमा सुशासन तथा पारदर्शिताका लागि उपमहानगरपालिकाबाट सम्पादन भएका कार्यहरुको विवरण आम नगरवासीलाई सम्प्रेषण गर्न **"हाम्रो हेटौडा हाम्रो पहिचान"** नामक रेडियो कार्यक्रमहरु संचालन गरिएको छ । साथै यस कार्यलाई बृहत्तर बनाउन नगर दर्पण स्तम्भ प्रकाशन, साप्ताहिक नगर विकास रेडियो कार्यक्रम, मोबाइल एप तथा वेभसाइटसमेत संचालन भईरहेको र सो कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२७. न्यायिक समितिअन्तर्गत चालू आर्थिक वर्षमा कूल १८२ विवाद दर्ता भएकोमा मेलमिलाप पद्धतिबाट १०० वटा विवाद मेलमिलाप भएका, ३० वटा मेलमिलाप हुन नसकेका र ४२ वटा विवाद प्रक्रियामा रहेका छन् । यसैगरि समितिको आयोजनामा सबै वडाहरुमा कानुनी अभिमूखिकरण कार्यक्रम र सामाजिक अगुवा एवम् गैर सरकारी संस्थाहरुसँग अन्तरक्रिया, अनुशिक्षण तथा मेलमिलापकार्ताहरुको तालिम सम्पन्न भएको छ । समिति अन्तर्गतका क्रियाकलाक समुदाय तहमा सम्प्रेषित गर्न एवम् कानुनी सचेतनाको लागि **"न्यायिक डबली"**नामक रेडियो कार्यक्रम नियमित सञ्चालन हुंदै आएको छ ।

२८. नगरवासीको जनस्वास्थ्यलाई मध्येनजर गरी बजारमा बेचबिखन गरिने उपभोग्य खाद्य वस्तुको गुणस्तर तथा मिसावटको अवस्था परीक्षण गरी नियमन गर्न उपमहानगरपालिका कार्यालय हाताभित्र नै खाद्य परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याइएको छ । यस अवधि बीचमा घ्यू, बेसार, मसला, पिउने पानी, अचार, तेल, दुग्ध, आइसक्रिम जस्ता खाद्य वस्तुको नमूना परीक्षण गरिएको र स्वीकृत न्यूनतम मापदण्ड अनुसार नपाइएका वस्तु उपर कारवाहीका लागि सम्बन्धित निकायमा पठाइएको छ । यसैगरि सरोकारवाला निकायहरुसँग समन्वय गरी वजार अनुगमग सुरु गरिएको छ ।

२९. यस उपमहानगरपालिकामा निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचनाको हक सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

३०. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्तालाई चालू आर्थिक वर्षमा   अनलाईन प्रणालीसंग आवद्ध गरिएको छ भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्याङ्क अधावधिक गर्ने कार्य सम्पन्न गरिएको छ ।

३१. गत तेस्रो र चौथो सभाबाट संशोधनसहित चालू आर्थिक वर्षमा चालू खर्च तर्फ रु. १ अर्ब १० करोड ३५ लाख ५५ हजार र पूँजीगत खर्च तर्फ रु. ७५ करोड ९१ लाख ६४ हजार गरी जम्मा रु. १ अर्ब ८६ करोड २७ लाख २० हजार विनियोजन भएकोमा चालू वर्षकै जेष्ठ मसान्तसम्ममा चालू तर्फको खर्च रु. ८८ करोड १८ लाख अर्थात ८० प्रतिशत प्रगति भएको तथा पूँजीगत खर्च तर्फ रु. ३५ करोड ६५ लाख ८० हजार अर्थात ४७ प्रतिशत वित्तीय प्रगति भएको छ ।

३२. उपरोक्त बमोजिम सङ्घीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भई आएका कार्यक्रमहरु, समपुरक कोषका आयोजनाहरु, सशर्त योजनाहरु ठेक्का बन्दोवस्ती प्रक्रियाबाट सञ्चालन भई कार्यान्वयनको अन्तिम चरणमा पुगेको र उपभोक्ता समितिबाट सञ्चालित योजनाहरु शून्य पेश्कीको अवधारणा अनुसार रनिङ्ग बिल वा कार्य सम्पन्नपश्चात एकमुष्ठ भूक्तानी हुने हुँदा पूँजीगत खर्चमा विनियोजित अधिकांश योजनाहरु प्राविधिक रुपमा सम्पन्न भई भुक्तानीको चरणमा रहेकोले चालू आर्थिक वर्षको आषाढ मसान्तसम्म पूँजीगत खर्चको लक्षित प्रगति हाँसिल हुने अनुमान गरिएको छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३३. नगर क्षेत्रको यातायात व्यवस्थापनलाई सुरक्षित, भरपर्दो एवम् प्रभावकारी बनाउन व्यवस्थित बस टर्मिनल भवन निर्माण कार्यको थालनी गरिने छ ।

३४. स्थानीय पर्यटनको प्रवर्द्धनमार्फत नगरको आर्थिक समृद्धिमा टेवा पुर्याउन आगामी आर्थिक वर्षमा हेटौंडाको मुख्य बजार क्षेत्रमा आधुनिक सुविधायुक्त संरचनासहितको भ्यू टावर निर्माण कार्यको प्रारम्भ गरिने छ ।

३५. यस उपमहानगरपालिकाभित्र साईकल यात्रीहरुलाई सुरक्षित आवागमनको लागि साईक्लिङ्ग ट्र्याक निर्माण आगामी आर्थिक वर्षमा निरन्तरता दिइनेछ ।

३६. उपमहानगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माणसम्बन्धि योजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुको गुणस्तर सुनिश्चित गर्न आधुनिक प्रविधिमैत्री ल्याब टेष्ट स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३७. भरपर्दो र सुरक्षित यातायात सञ्चालन गर्न हेटौंडा १० मा सञ्चालनमा रहेको बस पार्कलाई थप व्यवस्थित गरी हेटौंडा बजारबाट नगरको पूर्वी क्षेत्र जाने सवारीसाधनका निम्ति उपयुक्त स्थानमा बसपार्क निर्माणका लागि सम्भाव्यता अध्ययनको कार्य प्रारम्भ गरिनेछ ।

३८. आगामी आर्थिक वर्षमा नगरपालिका स्थापनाको ५० औं वर्ष पुगेको अवसरमा स्वर्ण महोत्सव समारोह भव्य, सभ्य र उल्लासपूर्णरुपमा मनाइने छ ।

३९. यसै आर्थिक वर्षबाट निर्माण प्रारम्भ भएको कर्रा करीडोर निर्माण आयोजनालाई विस्तृत परियोजना प्रस्ताव तयार गरी आगामी वर्ष पनि निरन्तरता दिईनेछ ।

४०. उपमहानगरपालिकाको टीसीएन क्षेत्रमा रहेको जग्गामा नगरपालिका भवन (Municipal Building) निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अगाडि बढाईनेछ ।

४१. नगरवासीको आर्थिक तथा सामाजिक रुपान्तरणको आधारको रुपमा रहेको हर्नामाडी, हटिया, चुरियामाई हुँदै पदमपोखरी जोड्ने ६३ कि.मि. लामो चक्रपथको स्तरीकरण गरी बाह्रै महिना सञ्चालनयोग्य बनाउन सङ्घीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

४२. सङ्घीय तथा प्रादेशिक सरकारसंगको समन्वय र सहकार्यमा नगर क्षेत्रको भूमिलाई व्यवस्थित गरी अनियन्त्रित र अव्यवस्थित सहरीकरणलाई रोक्न भू-उपयोग नीति, नगर यातायात गुरुयोजना, योजना तथा भवन निर्माण मापदण्ड एवम् कार्यविधिलाई समयसापेक्ष परिमार्जन गरिनेछ ।

४३. नगरक्षेत्रभित्र रहेका ऐलानी तथा पर्ती जग्गा एवम् सार्वजनिक जग्गा र सम्पदाहरुको संरक्षण गरी त्यस्ता जग्गा एवम् सम्पदाहरुको अभिलेखलाई व्यवस्थित बनाइनेछ ।

४४. आधुनिक सभ्यताको मानक नै सुविधायुक्त र व्यवस्थित सहर भएको तथा विकासको यथार्थ स्वरुप सहरी पूर्वाधारबाटै प्रतिविम्बित हुने यथार्थतालाई बोध गर्दै हेटौडा १६ स्थित चिसापानी क्षेत्रमा **एकीकृत जग्गा विकाससम्बन्धी कार्यक्रम** आगामी आर्थिक वर्षभित्रै प्रारम्भ गर्ने गरी सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ। साथै अन्य वडाहरुमा संभाव्यता अध्ययन गरी कार्य प्ररम्भ गरिनेछ ।

४५. हेटौंडा-१५ चिप्लेटी बाँसघारी क्षेत्रमा विगतमा गएको विनाशकारी भूकम्पबाट भूमी चिराचिरा परी पानीको मुहान सुकी वसोवासयोग्य नरहेको र अन्य प्रदेश हुदै उक्त क्षेत्रमा जानु पर्ने समस्यालाई मध्येनजर गरी उक्त क्षेत्रका वासिन्दाहरुलाई प्रदेश सरकारको सहयोगमा नगरको उपयुक्त स्थानमा वस्ती स्थानान्तरण गरिनेछ ।

४६. जोखिमपूर्ण आवागमन गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्न आगामी वर्षभित्रै नगरक्षेत्र भित्र सञ्चालनमा रहेका जीर्ण काठेपुलहरुको विस्थापन गर्ने कार्य सम्पन्न गरिनेछ।

४७. साविकमा नगर विकास समितबाट थालनी गरिएका जग्गा विकास सम्बन्धी परियोजनाहरुको अधुरा पूर्वाधार निर्माणका कामहरुलाई क्रमशः कार्यान्वयन गरिनेछ ।

४८. साविकमा विभिन्न वडाहरुमा सुरु गरिएका भूमिगत सिंचाई सम्बन्धी आयोजनाहरुको बाँकी पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

४९. नगरभित्रका सार्वजनिक हुना बाँकी रहेका सडकहरुमा परेका जग्गाहरुलाई सार्वजनिक गर्ने कार्यलाई आगामी आर्थिक वर्षमासमेत निरन्तरता दिइने छ ।

५०. सङ्घीय सरकारको सहकार्य र समन्वयमा गौरीटार रंगशालाको थप पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

५१. नगरभित्र निर्मान हुने भवनलाई सुरक्षित र व्यवस्थित बनाउन नगरमा उपलब्ध श्रमिक ठेकेदारहरुलाई भवन निर्माण मापदण्ड, २०७२ सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरी सुरक्षित

आवासको सुनिश्चितताका लागि त्यस्ता तालिम प्राप्त श्रमिस ठेकेदारबाट मात्र निर्माण कार्य गर्ने गराउने विषयलाई प्राथमिकता दिइनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

५२. कृषि वस्तु उत्पादनको बजारीकरण तथा उपभोक्तालाई सुपथ मूल्यमा कृषि उपज उपलब्ध गराउन आगामी आर्थिक वर्षभित्रै आधुनिक कृषि थोक बजारकेन्द्र स्थापना तथा कृषि उपज उत्पादनलाई मूल्य श्रृखंला विकासलाई प्रोत्साहन गरिनेछ ।

५३. कृषि क्षेत्रको अभिवृद्धिका लागि कर्रा खोलालगायतका अन्य खोलाहरुबाटसमेत लिफ्ट सिंचाईको कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

५४. सघन सहरी क्षेत्रमा कौशी तरकारी खेती प्रवर्द्धनका लागि विशेष कार्यक्रमहरु लागू गरिने छ ।

५५. नगरका विभिन्न क्षेत्रहरुमा सञ्चालित पशु स्वास्थ्य केन्द्र तथा कृषि सेवा केन्द्रहरुलाई आगामी आर्थिक वर्षमा स्तरवृद्धि गरी थप व्यवस्थित गरिने छ ।

५६. नगरका विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी लघुउद्यम कार्यक्रममार्फत उद्यमशीलताको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

५७. आन्तरिक पर्यटनमा टेवा पुर्याउने तथा नगर क्षेत्रको पर्यटन प्रचार प्रसारका लागि हेटौडा-५ पिप्लेदेखि मनकामना मन्दिरसम्म

केबलकार र मनकामना डाँडामा बञ्जिजम्पिङसहितको भ्यू टावर निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

५८. सङ्घीय सरकारबाट विशेष महत्व दिई सञ्चालनमा आएको प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रमा बेरोजगार सूचीमा दर्ता भएका बेरोजगारहरुलाई लक्षित गरी आगामी आर्थिक वर्षबाट रोजगारीका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. सङ्घीय सरकारसँगको आवश्यक समन्वय र सहकार्यमा चुरियामाई मन्दिरमा रहेको दक्षिण एशियाकै पहिलो मानव निर्मित सुरुङको संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

६०. महिला, अपाङ्ग तथा लैंगिक अल्पसंख्यक उद्यमीको स्वामित्वमा सञ्चालित विभिन्न उद्यम आगामी आर्थिक वर्षभित्र उपमहनगरपालिकामा दर्ता हुन आएमा सोमा लाग्ने करमा ५०% कर छूटको व्यवस्था गरिनेछ।

६१. सम्बन्धित निकायमा विगत वर्षहरुमा दर्ता भई सञ्चालनमा रहेका तर उपमहानगरपालिकामा दर्ता हुन नआएका व्यवसायीहरुलाई करको दायारामा ल्याउन विगत ३ वर्षको मात्र कर लिई दर्ता गरिनेछ ।

६२. कृषि तथा पशु क्षेत्रको व्यवसाय प्रवर्द्धन गर्न नियानुसार दर्ता हुन आउने व्यवसायीहरुलाई व्यवसाय दर्ता गर्दा लाग्ने करमा ७५ प्रतिशत छुट दिइनेछ । विस्तारित क्षेत्रका वडाहरुको सम्पत्ति कर मूल्याङ्कनको प्रयोजनका लागि संरचनाको मूल्याङ्कन गर्दा हुन आउने कर रकममा १५ प्रतिशत छुट दिइनेछ ।

६३. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायमुखी खेती प्रणालीमा रुपान्तरण गरिनेछ। कृषकहरुलाई वितरण गरिने कृषि सामाग्री तथा पशु बीमामा आवश्यक अनुदानको व्यवस्था गरी साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय मौलिक ज्ञान र प्रविधिको संरक्षण र सम्वर्द्धन गरी कृषकलाई अर्ग्यानिक खेतीतर्फ आकर्षित गरिनेछ । साथै खेती प्रणालीमा सामयिक सुधार गर्ने क्रममा हाते ट्र्याक्टरको प्रयोगलाई निरन्तरता दिइने छ ।

६४. नगरभित्र सञ्चालित सहकारी संस्थालाई नियमन र व्यवस्थापन गर्न आवश्यक नियमावलीको तर्जुमा गरिनेछ। नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलको विकास , पर्यटन पूर्वाधार निर्माण र पर्यटकीय सेवाको विविधिकरण एवम् स्तरोन्नति गरिनेछ ।धार्मिक मठमन्दिर, गुम्बा, मस्जिद र चर्चहरुको संरक्षण, गरी साना पूर्वाधार सुधार एवम् प्रचारप्रसारका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

६५. स्थानीय तथा हस्तकला सामाग्रीहरुको उत्पादनलगायत पानी घट्ट संरक्षण र आरन सुधार जस्ता कार्यहरुलाई प्रोत्साहन गरिनेछ ।

६६. वैदेशिक रोजगारसँग सम्बद्ध कामदार तथा तिनका परिवारलाई उचित संरक्षण गरी वैदेशिक रोजगारमा सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धिमार्फत वैदेशिक रोजगारीको प्रतिफल वृद्धि गर्ने उद्देश्यबाट यस उपमहानगरपालिकामा समेत सुरक्षित आप्रवासन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

६७. **"बधशाला देखी भान्छासम्म स्वच्छ र स्वस्थ मासु "** अभियानअन्तर्गत आगामी आर्थिक वर्षभित्र प्रदेश सरकारको

सहयोग र निजी क्षेत्रको व्यवस्थापनमा सुविधासम्पन्न बधशाला प्रयोगमा ल्याइनेछ ।

६८. नगरभित्रका युवाहरुलाई सीपमूलक तालीम एवम् उद्यमशीलतामार्फत दक्ष र आत्मनिर्भर बनाउन आगामी आर्थिक वर्षबाट **मेयर नमूना युवा वडा कार्यक्रम** संचालन गरिनेछ ।

६९. सामाजिक सुरक्षा भत्ता रकम बैंकिङ्ग प्रणाली मार्फत सबै वडाहरुमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

७०. जेष्ठ नागरिकको जीवनयापन सहज बनाउनका निमित्त **एकीकृत जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र** सञ्चालन गरिनेछ ।

७१. युवा तथा बालबालिकाहरुको शारीरिक तथा मानसिक विकासका लागि उपमहानगरपालिकाले विभिन्न खेलकुद क्रियाकलाप सञ्चालन गर्न हेटौडा-८ को चन्द्रोदय मा .वि.को चौरमा प्रदेश सरकारसँगको सहकार्यमा अगामी आर्थिक वर्षभित्रै प्याराफिटसहितको खेलकुद प्रशिक्षण केन्द्रको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

७२. मृगौलाका विरामीहरुका लागि नि :शुल्क रुपमा डायलोसिस सेवा उपलब्ध गराउन हेटौडा अस्पतालमा अन्य निकायहरुको सहयोग एवम् समन्वमा आवश्यक उपकरणहरुको प्रबन्ध गरिनेछ।

७३. नेपाल सरकारको स्वास्थ्य बिमा सम्बन्धी नीति अनुरुप हुने गरी नगरभित्रका अति सिमान्तकृत परिवारको स्वास्थ्य बिमा शुल्क उपमहानगरपालिकाले व्यहोरिने छ ।

७४. विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना अभियान कार्यक्रममा सघाउ पुर्याउन सामुदायिक

विद्यालयहरुलाई परिचालन गरिनेछ । विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितताका लागि नगरको दुर्गम क्षेत्रका शिक्षकहरुलाई थप प्रोत्साहन सुविधा , बालविकास सहयोगी कार्यकर्तालाई पोशाक र प्रोत्साहन सुविधा , एचआइभी सँक्रमित एवम् प्रभावित बालबालिकाहरुको शैक्षिक निरन्तरताका लागि बालबालिकाको नाममा बैङ्क खाता खोली शैक्षिक सहयोग उपलब्ध गराइनेछ।

७५. सामुदायिक विद्यालयका शिक्षकहरुका लागि नियमित तालीम प्रदान गर्नुका साथै शैक्षिक सामाग्रीको उत्पादन र वितरणमा जोड दिइनेछ। बालबालिकालाई **विद्यालय ल्याऔं, टिकाऔं, सिकाऔं र बिकाऔं** कार्यक्रमलाई सफलीभूत पार्न अनाथ र टुहुराको शैक्षिक अभिवाकत्व उपमहानगरपालिकाले लिनेछ ।

७६. नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्राविधिक शिक्षा अध्ययन अध्यापनका लागि प्रोत्साहन दिने नीति लिइनेछ ।

७७. सामुदायिक विद्यालयहरुको शैक्षिकस्तर उन्नतीका लागि दण्ड र पुरस्कारको नीतिलाई कडाईकासाथ लागू गरिनेछ ।

७८. नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुको भवनको रँग (Color Code) पहेंलो कायम गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयनमा विशेष जोड दिइनेछ।प्रत्येक सामुदायिक विद्यालयमा आधारभूत प्राथमिक स्वास्थ्य सामाग्री व्यवस्थापनको सुनिश्चितता गरिनेछ।

७९. चालू आर्थिक वर्षबाट शुरु गरिएको विद्यालयका किशोरीहरुका लागि नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी आर्थिक

वर्षमा समेत निरन्तरता दिइनेछ। व्यक्तिगत स्वास्थ्य र सरसफाईका विविध पक्षबारे किशोरीहरुलाई सुसूचित गर्न स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालीमको व्यवस्था गरिनेछ।

८०. नगर क्षेत्रभित्र रहेका धार्मिक , ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा तथा धरोहर संरक्षण र जीर्णोद्धारमा विशेष ध्यान दिइनेछ। परम्परादेखि प्रचलनमा रहेका बाजा , भेषभूषा, परम्परा र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ।ग्रामीण पर्यटनमा उल्लेख्य महत्व राख्ने होमस्टे नमूनाका रुपमा आगामी आर्थिक वर्षमा नगरका केही स्थाहरुमा सञ्चालन गरिनेछ।

८१. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको संरक्षण , सशक्तिकरण र विकासका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गर्दा लक्षित वर्गलाई विशेष प्राथमिकता दिईनेछ।

८२. **भान्छा नै औषधालय, आहारविहार योग ध्यानः स्वस्थ जीवन नै मुल धन** भन्ने ध्येय राखी स्वस्थ नागरिक एवम् स्वस्थ समाज बनाउन **स्वस्थ जीवन शैली अभियान** कार्यक्रमलाई अघि बढाइनेछ । **एक वडाः एक खेल मैदान, एक वाल उद्यान, एक जिम क्लब, एक योग साधना केन्द्र** कार्यक्रमलाई निरन्तरता दिइनेछ । खेलकुदसँग सरोकार राख्ने सम्बन्धित निकायसँग समन्वयगरी वडा तथा नगरस्तरीय खेल प्रतियोगितालाई प्रवर्द्धन गरिनेछ।

८३. सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा प्रभावकारी रुपले सञ्चालन भईरहेको विद्यार्थीको आँखा जाँच कार्यक्रम, आँखाको

नानी संकलन तथा रतन्धो रोग निवारण कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

८४. प्राथमिक स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवालाई वडाहरुमा विस्तार गर्न नगरका छ वटा वडाहरुमा निर्माण भैरहेको सहरी स्वास्थ्य केन्द्रलाई चालु आवमा सम्पन्न गरी आगामी आर्थिक वर्षमा उपकरण र दक्ष जनशक्तिसहितको सुविधासम्पन्न सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याउनको निमित्त सङ्घीय तथा प्रदेश सरकारसँगको आगामी आर्थिक वर्षभित्र बाँकी वडाहरुमासमेत विस्तार गरिनेछ ।

८५. महिलामा बढ्दो क्रममा रहेको स्तन क्यान्सर र पाठेघर क्यान्सर जस्ता कडा रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८६. जनसंख्याको वितरण, भौगोलिक अवस्थिति एवम् आवश्यकताका आधारमा नगरक्षेत्रमा स्थानीय लगानी अभिवृद्धिमार्फत दिगो, सुरक्षित र भरपर्दो स्थानीय स्वास्थ्य प्रणालीको विकास गरिनेछ । चिकित्सक, स्वास्थ्यकर्मी, बिरामीबीच असल र सुमधुर सम्बन्ध कायम राख्न नगर स्वास्थ्य आचारसंहिता तर्जुमा गरी स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चित गरिनेछ ।

८७. हिंसापीडित महिलाहरुका लागि सञ्चालित अल्पकालीन आश्रयस्थलको सेवालाई दिगो र प्रभावकारी बनाउन उपयुक्त स्थानमा आगामी आर्थिक वर्षमा जिल्ला सेवा केन्द्र भवन निर्माण कार्य सम्पन्न गरिनेछ । साथै प्रदेश सरकारको नीति अनुसार बालबिबाह उन्मुलनका लागि विद्यालय लगायत सामाजिक संघ संस्थासँग सहकार्य गरिनेछ ।

८८. एच.आई.भी. सङ्क्रमित, बेचबिखनप्रभावित, हिँसापीडित लैङ्गिक अल्पसंख्यकहरुको सामाजिक पुनर्एकीकरणका लागि जीविकोपार्जन सुधारमा आवश्यक सहयोग गरिनेछ।

८९. अतिविपन्न, सीमान्तकृत र अल्पसंख्यक महिलाहरुलाई विशेष प्राथमिकता दिई ग्रामीण महिलाहरुको सीप क्षमता र दक्षता अभिवृद्धिमार्फत महिला उद्यमीको विकास गर्न **ग्रामीण महिला स्वरोजगार कार्यक्रम** सञ्चालन गरिनेछ।

९०. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र श्रममा संलग्न भएका नेपाल सरकारको प्रचलित कानुनले नसमटेका श्रमिहरुको हकमा सङ्घीय सरकार र सम्बन्धित छाता सङ्गठनहरुसँगको सहकार्य र समन्वयमा अभिलेखिकरण गर्ने कार्यको पहल गरिनेछ ।

९१. उपमहानगरपालिकाभित्रको छुवाछुत सम्बन्धी विभेदलाई अन्त्य गर्न अभियान सञ्चालन गरिने छ ।

९२. नगरको सौन्दर्यता अभिवृद्धिका लागि फुटपाथलगायत ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायहरुसँग समन्वय गरिनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

९३. दाहसंस्कारलाई व्यवस्थित र वातावरणमैत्री बनाउन हेटौडा १० स्थित राप्ती नदी किनारमा आगामी आर्थिक वर्षभित्रै Cremation Machine जडान गरी सञ्चालनमा ल्याइनेछ ।

९४. नगरमा सञ्चालित वर्कशपहरुको सञ्चालनमा एकरुपता ल्या ई नगरको वातावरण प्रदूषण न्यूनीकरण एवम् सहरी सौन्दर्यलाई कायम राखी छरिएर रहेका वर्कशपहरुलाई एकीकृत रुपमा

सञ्चालन गर्न आवश्यक पूर्वाधारसहितको **सुविधासम्पन्न अटो भिलेज** निर्माणका लागि आगामी वर्षभित्र सम्भाव्यता अध्ययन  गरी निर्माण कार्य प्रारम्भ गरिनेछ।

९५. **सफा, हरियाली, फूलैफूलको सहर** भन्ने नारालाई सार्थक बनाउन विकासमा समुदाय परिचालनको महत्वलाई आत्मसात गर्दै सरसफाई तथा स्वच्छता अभिवृद्धि , हरियाली तथा सडक किनारा पुष्प सौन्दर्य प्रवर्द्धन र पूर्वाधार विकास    जस्ता कार्यहरुमा टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ।

९६. जैविक फोहोर व्यवस्थापन गर्न वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रममार्फत निजी क्षेत्रसँगको सहकार्यमा नगर क्षेत्रको कुहिने फोहोरलाई पूर्ण प्रयोगमा ल्याई ग्याँस उत्पादन कार्यको सुरुवात गरिनेछ।

९७. नगरको हरियाली प्रवर्द्धनलगायत अन्य सहरी तरकारी खेती प्रणालीलाई अवलम्बन गर्न विशेष व्यवस्था गरिनेछ।     वातावरण प्रदूषणसम्बन्धी आवश्यक जानकारी दिन नगरको मुख्य भागमा प्रदूषण मापन यन्त्र जडान गरिनेछ । डिजेल तथा पेट्रोलबाट चल्ने अटो, टेम्पोलाई क्रमश: व्यवस्थापन गरी प्रदूषणरहित सवारी साधन सञ्चालनमा गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ।

९८. फोहोरमैलाको व्यवस्थापनको लागि वृक्षारोपणलगायत फलफूलका विरुवा लगाउने कार्यहरु लागत सहभागितामा सम्पन्न गरिनेछ। अन्य स्थानीय तहहरुले अवलम्बन गरी सकारात्मक पृष्ठपोषण प्राप्त गरेको प्लास्टिकबाट सडक पिच गर्ने प्रविधिको सम्भाव्यता परीक्षणको रुपमा आगामी आर्थिक वर्षभित्र सडक पिचको कार्य सुरु गरिनेछ।

९९. समुदायको अगुवाईमा सरसफाई कार्यक्रमलाई पूर्णता दिन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

१००. हेटौडा उपमहानगरपालिकाको सम्पूर्ण वस्तुस्थिति झल्किने नगर पार्श्वचित्र (City Profile) आगामी आर्थिक वर्षभित्रै तयार गरी उपमहानगरपालिकाबाट प्रदान गरिने सेवा , कार्यान्वयन गर्नुपर्ने विकास योजनाहरु तथा प्राथमिकता दिनुपर्ने क्षेत्रलाई बोधगम्य , दिगो विकासमैत्री र वस्तुगत बनाईनेछ ।

१०१. व्यवसायिक रुपमा निर्माण हुने घरहरुमा पर्याप्त पार्किङ्गको व्यवस्था अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था मिलाइने छ ।

१०२. उपमहानगरपालिकाबाट प्रदान गरिने सेवालाई जनमुखी , पारदर्शी र उत्तरदायी बनाई नागरिकको सरकारी सेवाप्रति अपनत्व जगाउन नमूनाको रुपमा आगामी आर्थिक वर्षदेखि एकीकृत घुम्ती सेवा सञ्चालनमा ल्याइनेछ।

१०३. आगामी आर्थिक वर्षदेखि व्यक्तिगत घटना दर्ता कार्यलाई सम्पूर्ण वडाहरुमा अनलाईन प्रणालीबाट गर्ने गरी आवश्यक व्यवस्था गरिनेछ ।

१०४. नगरवासीहरुले एक हजार वर्गफिट सम्मको नयाँ घर निर्माण गर्दा उपमहानगरपालिकाले निशुल्क रुपमा उपलब्ध गराउँदै आएको नक्सा डिजाइन गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ।

१०५. नगरवासीहरुको नागरिक अधिकारलाई मध्ये नजर गरी वेवसाईट तथा मोवाईल एप्सको माध्यमबाट सेवा तथा सूचना लिन सक्ने व्यवस्था मिलाइने छ।

१०६. प्रत्येक घरपरिवारले आफ्नो घर आँगनमा कम्तिमा २ वटा सौन्दर्यात्मक फूल एवम् फलफूलका विरुवा अनिवार्य रुपमा रोप्नु पर्ने व्यवस्था आगामी आर्थिक वर्षबाट सुरुवात गरिनेछ ।

१०७. सबै वडामा सुविधा सम्पन्न वडा कार्यालयहरुको व्यवस्थापन गर्ने सन्दर्भमा क्रमशः वडा कार्यालयहरुको नयाँ भवन निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०८. न्यायिक समितिबाट सम्पादन हुने कार्यमा मेलमिलाप पद्धतिलाई आबद्ध गरी थप प्रभावकारी बनाइनेछ ।

१०९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय तह तथा संघसंस्थाहरुसंग मैत्री सम्बन्ध विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सम्बन्ध स्थापित भैसकेका संघसंस्थाहरुसंगको सहकार्यलाई थप मजबुत बनाइनेछ ।

११०. उपमहानगरपालिका जिम्मेवारी सम्पादन गर्न आवश्यक संस्थागत संरचना, जनशक्ति तहगत व्यवस्थापन र जिम्मेवारीलाई वस्तुगत र वैज्ञानिक बनाउन संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ ।

१११. उपमहानगरपालिकामा कार्यरत राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न कार्यबोझ र

कार्यप्रकृतिको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ । यसरी प्रोत्साहन सुविधा उपलब्ध गराउँदा अन्य स्थानीय तहहरुले उपलब्ध गराएको प्रोत्साहन सुविधा मापदण्डसमेतलाई आधारको रुपमा लिइनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

११२. आगामी आर्थिक वर्षभित्र कानूनबमोजिम स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

११३. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म तथा भावनाअनुरुप उपमहानगरपालिकाबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने विकास योजना तथा अन्य कार्यक्रमहरुको प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी तथा लेखापरीक्षणको जिम्मेवारीसहित वडाहरुलाई अधिकार प्रत्योजन गर्न आवश्यक निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११४. गत विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका पेश्की बेरुजुलगायत अन्य बेरुजुहरुको अद्यावधिक जानकारी तथा अभिलेखीकरण सम्बन्धी कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन उपयुक्त विद्युतीय प्रणालीको विकास गरिनेछ ।

**नगरसभाका अध्यक्ष महोदय,**

११५. माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०७६/७७ का लागि बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) नगरवासीका आधारभूत आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने,

ख) नगरमा उपलब्ध स्रोत साधन अवसर र क्षमताको उच्चतम उपयोग तथा समन्यायिक वितरण गर्दै नगरवासीको आर्थिक उन्नतिमा टेवा पुर्याउने,

ग) विकासको मूलप्रवाहबाट वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरुको मूलप्रवाहीकरण गर्दै समावेशिता प्रवर्द्धन गर्ने ।

११६. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहायअनुसार प्राथमिकताहरु निर्धारण गरेको छु ,

क) तत्काल प्रतिफल प्राप्त गर्न सकिने विकासमा पछि परेका वर्ग क्षेत्र र समुदायलाई उत्थान गर्ने कार्यक्रमको कार्यान्वयन,

ख) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका सामाजिक र कृषि, उद्योग पर्यटनलगायतका आर्थिक पूर्वाधार विकास र भौतिक पूर्वाधार एवम् संरचनाहरुको विकास तथा निर्माण र अधुरा आयोजनाको कार्यान्वयन,

ग) सार्वजनिक सेवाको प्रभावकारिता , जवाफदेहिता , विकासमा जनसहभागितामार्फत नगरवासीलाई अनुभूति हुने सुशासन प्रवर्द्धन,

घ) नगरस्तरीय पूर्वाधारका योजना कार्यान्वनद्वारा दिगो सहरी सेवामा नगरवासीको पहुँचमा अभिवृद्धि,

ङ) सक्षम तथा प्रभावकारी कर प्रणालीको अवलम्बनबाट आन्तरिक आयस्ताको अभिवृद्धिमार्फत दिगो स्रोतको सुनिश्चितता ।

**नगरसभाका अध्यक्ष महोदय,**

११७. आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन निम्नानुसार प्रस्ततु गरेको छु ।

**पूर्वाधार विकास**

११८. उपमहानगरपालिका क्षेत्रमा व्यवस्थित बस टर्मिनल भवन निर्माण कार्यका लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु ।

११९. मुख्य बजार क्षेत्रमा सुविधायुक्त भ्यू टावर निर्माण कार्यका लागि रु. २ करोड विनियोजन गरेको छु ।

१२०. हेटौंडा-१० को बसपार्कलाई व्यवस्थित गर्न र बजार क्षेत्रबाट पूर्वी क्षेत्र जाने सवारी साधनका निमित्त बसपार्क निर्माणको सम्भाव्यता अध्ययन गर्न रु. २ करोड विनियोजन गरेको छु ।

१२१. कर्रा कोरिडोर निर्माण कार्यलाई निरन्तरता दिन रु. २ करोड विनियोजन गरेको छु ।

१२२. सङ्घीय र प्रदेश सरकारको सहयोग र समन्वयसमेतमा निर्माण हुने बृहत्तर चक्रपथ निर्माणका लागि रु. २ करोड विनियोजन गरेको छु ।

माथि उल्लेखित आयोजनाहरुका अतिरिक्त अन्य आयोजना सम्पन्न गर्न पूर्वाधार विकास क्षेत्रतर्फ रु. ८६ करोड १२ लाख ५० हजार विनियोजन गरेको छु ।

**आर्थिक विकास**

१२३. कृषि उपजलाई मूल्य श्रंखलामा आवद्ध गर्न प्रदेश सरकारको सहयोगसमेतमा निर्माण हुने आधुनिक कृषि थोक बजार केन्द्रको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१२४. विपन्न र वेरोजगार युवाहरुलाई लक्षित गरी लघुउद्यम कार्यक्रममार्फत उद्यमशिलताको विकास गर्न रु. २० लाख विनियोजन गरेको छु ।

१२५. पर्यटकीय स्थलको विकास, पर्यटन पूर्वाधार निर्माण र साना पूर्वाधार सुधारका लागि कूल रु. १ करोड ५८ लाख विनियोजन गरेको छु ।

माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरुका अतिरिक्त अन्य आयोजना तथा कार्यक्रम सम्पन्न गर्न आर्थिक विकास क्षेत्रतर्फ रु. ४ करोड ९५ लाख ५७ हजार विनियोजन गरेको छु ।

**सामाजिक विकास**

१२६. हेटौंडा-८ को चन्द्रोदय मा.वि.मा प्याराफिटसहितको खेलकुद प्रशिक्षण केन्द्रको निर्माण कार्य गर्न रु. १ करोड विनियोजन गरेको छु ।

१२७. नगरका यूवाहरुलाई आत्मनिर्भर बनाउन **मेयर नमूना युवा वडा कार्यक्रम** सञ्चालनका लागि रु. ४० लाख विनियोजन गरेको छु ।

१२८. मृगौला विरामीलाई निःशुल्क डायलोसिस सेवा उपलब्ध गराउन हेटौंडा अस्पतालमा आवश्यक उपकरण प्रबन्धका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

१२९. सामुदायिक विद्यालयमा कार्यरत बालबिकास सहयोगी कार्यकर्ता प्रोत्साहनमा रु. १४ लाख ४० हजार र विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्थापनमा रु. ५ लाख विनियोजन गरेको छु ।

१३०. सूचना प्रविधि सहितको नमूना विद्यालय कार्यक्रमका लागि रु. १२ लाख र विद्यार्थीको आँखा जाँच कार्यक्रम र आँखाको नानी संकलन कार्यक्रम विस्तार गर्न रु. १० लाख विनियोजन गरेको छु ।

१३१. महिलामा हुने स्तन क्यान्सर जस्ता कडा रोगको निःशुल्क परीक्षणका लागि रु. १० लाख विनियोजन गरेको छु ।

१३२. दक्ष जनशक्ति र उपकरण सहित सहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि रु. ८० लाख विनियोजन गरेको छु ।

१३३. हिंसापिडित महिलाहरुका लागि सुरक्षित अल्पकालिन आश्रयस्थलको रुपमा जिल्ला सेवा केन्द्र भवन निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु ।

१३४. महिलाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि मार्फत महिला उद्यमीको विकास गर्न ग्रामिण महिला स्वरोजगार कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरेको छु ।

माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरुका अतिरिक्त अन्य आयोजना तथा कार्यक्रम सम्पन्न गर्न सामाजिक विकास क्षेत्रतर्फ रु. ५८ करोड ५५ लाख ४३ हजार विनियोजन गरेको छु ।

**वातावरण तथा विपद् व्यवस्थापन**

१३५. नगरको वातावरण प्रदुषण न्यूनीकरण र सहरी सौन्दर्य कायम राख्न सुविधा सम्पन्न अटो भिलेज निर्माणका लागि रु. १ करोड विनियोजन गरेको छु ।

१३६. नगरलाई सफा, हरियाली, फूलैफूलको सहर बनाउन रु. १४ लाख विनियोजन गरेको छु ।

माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरुका अतिरिक्त अन्य आयोजना तथा कार्यक्रम सम्पन्न गर्न वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ रु. ४ करोड ९९ लाख २० हजार विनियोजन गरेको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१३७. नगर पार्श्वचित्र ( City Profile ) तयार गर्न रु. ३५ लाख विनियोजन गरेको छु ।

१३८. वडा कार्यालय भवन निर्माण तथा स्तरोन्नतिका लागि रु. १ करोड विनियोजन गरेको छु ।

१३९. न्यायिक समिति सञ्चालन तथा व्यवस्थापनका लागि रु. ३० लाख विनियोजन गरेको छु ।

१४०. कार्यबोझ र कार्य प्रकृतिका आधारमा उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरुका अतिरिक्त अन्य आयोजना तथा कार्यक्रम सम्पन्न गर्न संस्थागत विकास, सेवा प्रवाह र

सुशासनतर्फ रु. ६ करोड ४५ लाख ८९ हजार विनियोजन गरेको छु ।

१४१. उपमहानगरपालिकाअन्तर्गतका वडा कार्यालयमार्फत कार्यक्रम सञ्चालन गर्ने गरी रु. ९५ लाख विनियोजन गरेको छु ।

१४२. दैनिक कार्यालय सञ्चालनका लागि तलब, भत्तालगायत अन्य प्रशासनिक खर्चका लागि रु. १९ करोड १४ लाख ४० हजार विनियोजन गरेको छु ।

**नगरसभाका अध्यक्ष महोदय,**

१४३. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४४. आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्ब ८१ करोड १८ लाख विनियोजन गरेको छु ।

१४५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. ३० करोड ३४ लाख ९१ हजार, राजस्व बाँडफाँडबाट ४५ करोड ८४ लाख ९ हजार, प्रदेश सरकारको विभिन्न अनुदानबाट ८ करोड ३४ लाख ९९ हजार, सङ्घीय सरकारको अनुदानबाट ८६ करोड ६४ लाख र गत वर्षको नगत मौज्दातबाट १० करोड व्यहोरिने छ ।

१४६. यस उपमहानगरपालिकालाई नगरसभापश्चात सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, गरिबसँग विश्वेश्वर कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय पूर्वाधार

विकास कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षणलगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणालीमार्फ भुक्तानी हुने भएकाले आगामी आर्थिक वर्षमा यी कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछु ।

**नगरसभाका अध्यक्ष महोदय,**

१४७. आर्थिक वर्ष २०७६/७७ को विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ तथा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ यस सम्मानित सभामा पेश गरेको छु ।

१४८. मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति भई जीवनस्तरमा गुणात्मक सुधार हुंदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएको छु ।

१४९. यी नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा नगरका सबै तह र तप्काबाट योगदान हुने विश्वास लिएको छु ।

१५०. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका सदस्यहरु, वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवि, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**